ੴ

# जपुजी साहिब

अध्यात्म तर्फको यात्रा

नेपाली अनुवाद

SikhBookClub.Com

SGGS Online.com

# सामग्रीको तालिका

1. जपुजी साहिब------------------------------------------------------1
2. प्रार्थना------------------------------------------------------------38
3. यात्राका लागि दर्शन ---------------------------------------------42
4. महिलाहरूको भुमिका ----------------------------------------------44
5. पगडीको महत्त्व ---------------------------------------------------48
6. विनम्रता तपाईँको यात्राको मुख्य सार हो-------------------------------50

🙏🙏🙏 We are distributing Free Gutkas, Divine message of the Guru globally in all the major languages, To Continue this Monumental task, please donate at https://sggsonline.com/donation

This Sewa has been done by Sewadars & SikhBookClub.

This text is only a translation and only gives the essence of the Guru's Divine word. For a more complete understanding, please read the Gurumukhi Sri Guru Granth Sahib Ji. If any errors are noticed, please notify us immediately via email at walnut@gmail.com.

Publisher: SikhBookClub.com

**ੴ ਸਤਿ ਨਾਮੁ ਕਰਤਾ ਪੁਰਖੁ ਨਿਰਭਉ ਨਿਰਵੈਰੁ ਅਕਾਲ ਮੂਰਤਿ ਅਜੂਨੀ ਸੈਭੰ ਗੁਰ ਪ੍ਰਸਾਦਿ ॥**
अकाल पुरख एक छन्, जसको नाम 'अस्तित्व वाला' हो जो सृष्टिका रचनाकार हुन्(करता हुन्) जो सबमा व्यप्त छन्, भयरहित छन्(निर्भय) वैररहित(निरवैर), जसको रूप कालदेखि माथि छ(भाव, जसको शरीर नाश-रहित छ) जो योनिमा आउँदैनन्, जसको प्रकाश आँफै भएको हो अनि जो सत्गुरुका कृपाले पाइन्छ।

**॥ ਜਪੁ ॥**
जप गर्नुहोस्।(यसलाई गुरुको वाणीको शीर्षक पनि मानिन्छ)

**ਆਦਿ ਸਚੁ ਜੁਗਾਦਿ ਸਚੁ ॥**
निरंकार(अकाल पुरख) सृष्टिको रचनाभन्दा पहिले सत्य थिए, युगहरूको शुरूमा पनि सत्य(स्वरुप) थिए।

**ਹੈ ਭੀ ਸਚੁ ਨਾਨਕ ਹੋਸੀ ਭੀ ਸਚੁ ॥੧॥**
अहिले बर्तमानमा पनि उनको अस्तित्व छ, श्री गुरु नानक देवजी भन्नु हुन्छ कि भविष्यमा पनि उनै सत्यस्वरूप निरंकारको अस्तित्व हुनेछ ॥ १ ॥

**ਸੋਚੈ ਸੋਚਿ ਨ ਹੋਵਈ ਜੇ ਸੋਚੀ ਲਖ ਵਾਰ ॥**
यदि कसैले लाखपल्ट शौच(स्नानादि) गऱ्यो भने पनि यो शरीरको बाहिरी स्नानले मन पवित्र हुन सक्दैन। मनको पवित्रताबिना परमेश्वर(वाहेगुरु)लाई सोच्न पनि सकिन्न।

**ਚੁਪੈ ਚੁਪ ਨ ਹੋਵਈ ਜੇ ਲਾਇ ਰਹਾ ਲਿਵ ਤਾਰ ॥**
जबसम्म मनबाट झुटो विकार निस्किँदैन; यदि कसैले एकाग्र चित्त ध्यान लगाएर मुख बन्द गरेर बसे पनि मनलाई शान्ति प्राप्त हुँदैन।

**ਭੁਖਿਆ ਭੁਖ ਨ ਉਤਰੀ ਜੇ ਬੰਨਾ ਪੁਰੀਆ ਭਾਰ ॥**
हे जीव! निस्सन्देह, यस संसारमा तिमीले जति सुकै भोग्य पदार्थहरू ग्रहण पनि वा जति सुकै पूजा, व्रत आदिजस्ता आडम्बर गरेर तिमीले त्यो परमेश्वरलाई प्राप्त गर्न चाहन्छौ होला, तर यदि तिमीले आफु भित्रको तिर्खा रूपी मृगको सिकार गरेनौ भने सबै व्यर्थ हुन्छ। यदि तिमीभित्र ती कुराहरूको तिर्खा समाप्त भएन भने, तिमीले ती परमेश्वरलाई भेट्टाउन सक्दैनौ।

**ਸਹਸ ਸਿਆਣਪਾ ਲਖ ਹੋਹਿ ਤ ਇਕ ਨ ਚਲੈ ਨਾਲਿ ॥**
कसैको हजारौं र लाखौं चतुर विचारहरू भए तापनि ती सबै अहंकारले पूर्ण भएका कारण परमेश्वरसम्म पुग्न कहिल्यै सहायक हुँदैनन्।

**ਕਿਵ ਸਚਿਆਰਾ ਹੋਈਐ ਕਿਵ ਕੂੜੈ ਤੁਟੈ ਪਾਲਿ ॥**
अब प्रश्न उठ्दछ  कि त्यसो भए परमेश्वरको सामुन्ने सत्यको प्रकाश पुञ्ज कसरी बनाउन सकिन्छ, हामी र निरंकारबिचको असत्यको पर्खाल कसरी तोड्न सकिन्छ?

**ਹੁਕਮਿ ਰਜਾਈ ਚਲਣਾ ਨਾਨਕ ਲਿਖਿਆ ਨਾਲਿ ॥੧॥**
सत्य रूप हुने मार्ग बताउँदै श्री गुरु नानक देवजी भन्नुहुन्छ– सृष्टिको प्रारम्भदेखि नै यस्तो लेखिँदै आएको छ कि ईश्वरको आज्ञा पालन गरेर मात्र सांसारिक प्राणीले यो सब गर्न सक्छ ॥ १ ॥

**ਹੁਕਮੀ ਹੋਵਨਿ ਆਕਾਰ ਹੁਕਮੁ ਨ ਕਹਿਆ ਜਾਈ ॥**
(सृष्टिको रचनामा) समस्त शरीर (निरंकरको)आज्ञाद्वारा रचिएका हुन्, तर उनको आज्ञा मुखबाट शब्दहरू निकालेर वर्णन गर्न सकिँदैन।

**ਹੁਕਮੀ ਹੋਵਨਿ ਜੀਅ ਹੁਕਮਿ ਮਿਲੈ ਵਡਿਆਈ ॥**
परमेश्वरको आज्ञाद्वारा (यस पृथ्वीमा) अनेकौं योनिमा जीवहरू सृष्टि हुन्छन्, उहाँकै आज्ञाद्वारा मान-सम्मान (अथवा उच्च र नीचको स्थिति) प्राप्त हुन्छ।

**ਹੁਕਮੀ ਉਤਮੁ ਨੀਚੁ ਹੁਕਮਿ ਲਿਖਿ ਦੁਖ ਸੁਖ ਪਾਈਅਹਿ ॥**
परमेश्वर (वाहेगुरु) को आदेशद्वारा नै जीवले श्रेष्ठ अथवा निम्न जीवन प्राप्त गर्दछ, उहाँद्वारा लिखित आदेशअनुसार जीवले सुख र दुःखको अनुभूति गर्दछ ।

**ਇਕਨਾ ਹੁਕਮੀ ਬਖਸੀਸ ਇਕਿ ਹੁਕਮੀ ਸਦਾ ਭਵਾਈਅਹਿ ॥**
परमात्माको आदेशद्वारा नै जीवलाई कृपा प्राप्त हुँदछ, धेरै जना उहाँको आदेशले आवागमनको चक्रमा फँसिरहेका छन्।

**ਹੁਕਮੈ ਅੰਦਰਿ ਸਭੁ ਕੋ ਬਾਹਰਿ ਹੁਕਮ ਨ ਕੋਇ ॥**
यी सर्वोच्च शक्ति परमेश्वरको अधिनमा नै सब-कुछ रहन्छन्, उनका अतिरिक्त संसारको कुनै पनि कार्य हुँदैन।

**ਨਾਨਕ ਹੁਕਮੈ ਜੇ ਬੁਝੈ ਤ ਹਉਮੈ ਕਹੈ ਨ ਕੋਇ ॥੨॥**
हे नानक! यदि जीवले त्यो अकालको पुरखको आदेशलाई प्रसन्नचित्तका साथ जान्दछ भने अहंकारी 'म' को वशमा कोही हुनेछैन। यो अहंकारले सांसारिक वैभवमा संलग्न प्राणीलाई निरंकरको नजिक आउन दिँदैन।।२।।

**ਗਾਵੈ ਕੋ ਤਾਣੁ ਹੋਵੈ ਕਿਸੈ ਤਾਣੁ ॥**
(परमेश्वरको कृपाले नै)जोसँग आत्मिक शक्ति हुन्छ, उसैले ती (सर्वशक्तिमान्) शक्तिको महिमा गाउन सक्छ।

**ਗਾਵੈ ਕੋ ਦਾਤਿ ਜਾਣੈ ਨੀਸਾਣੁ ॥**
कसैले उहाँद्वारा प्रदत्त आशीर्वादलाई (उनको) अनुग्रह मानेर नै उहाँको किर्तीको प्रशंसा गरिरहेको छ।

**ਗਾਵੈ ਕੋ ਗੁਣ ਵਡਿਆਈਆ ਚਾਰ ॥**
कुनै जीवले उनको अकथनीय गुण र महिमा गाइरहेको छ।

**ਗਾਵੈ ਕੋ ਵਿਦਿਆ ਵਿਖਮੁ ਵੀਚਾਰੁ ॥**
कोही उनको विषम विचारहरू(ज्ञान) को गीत विद्याद्वारा गरिरहेका छन्।

**ਗਾਵੈ ਕੋ ਸਾਜਿ ਕਰੇ ਤਨੁ ਖੇਹ ॥**
कसैले उनको प्रसंसा रचयिता तथा संहारकर्ता ईश्वरको रूप जानेर गरिरहेका छन्।

**ਗਾਵੈ ਕੋ ਜੀਅ ਲੈ ਫਿਰਿ ਦੇਹ ॥**
कसैले उनको यसरी वर्णन गर्छन् कि उनी परम सत्ता हुन् जसले जीवन दिन्छिन् र त्यसपछि यसलाई फिर्ता लिन्छिन्।

**ਗਾਵੈ ਕੋ ਜਾਪੈ ਦਿਸੈ ਦੂਰਿ ॥**
कुनै जीवले ती निरंकरलाई आफूभन्दा टाढा जानेर गाउँछ।

**ਗਾਵੈ ਕੋ ਵੇਖੈ ਹਾਦਰਾ ਹਦੂਰਿ ॥**
कतिले उहाँलाई उहाँका रूपले चिनेर उहाँको महिमा गाउँछन्।

**ਕਥਨਾ ਕਥੀ ਨ ਆਵੈ ਤੋਟਿ ॥**
अनेकौंले उनको किर्तीको बारेमा भनेका छन् तर पनि भनेर सकिएको छैन।

**ਕਥਿ ਕਥਿ ਕਥੀ ਕੋਟੀ ਕੋਟਿ ਕੋਟਿ ॥**
करोडौं जीवहरूले उनका गुणहरूका विषयमा बताएका छन्, तर पनि उनको वास्तविक रूप पत्ता लगाउन सकिएको छैन।

**ਦੇਦਾ ਦੇ ਲੈਦੇ ਥਕਿ ਪਾਹਿ ॥**
अकाल-पुरख दाता बनेर, उनले जीवलाई भौतिक पदार्थहरू (निरन्तर) दिइरहन्छन्, (तर) जीवले यो लिँदा थकित हुन्छ।

ਜੁਗਾ ਜੁਗੰਤਰਿ ਖਾਹੀ ਖਾਹਿ ॥
सम्पूर्ण जीवले युगौं-युगदेखि यी पदार्थहरूको भोग गर्दैआएका छन्।

ਹੁਕਮੀ ਹੁਕਮੁ ਚਲਾਏ ਰਾਹੁ ॥
आदेशक गर्ने निरंकारको इच्छाद्वारा नै (सम्पूर्ण सृष्टिको) मार्गमा हिँडिरहेका छन्।

ਨਾਨਕ ਵਿਗਸੈ ਵੇਪਰਵਾਹੁ ॥੩॥
श्री गुरु नानक देवजी सृष्टिका प्राणीहरूलाई चेतावनी दिँदै भन्नुहुन्छ कि उहाँ (यस संसारका प्राणीहरूमा) चिन्तारहित भएर (वाहेगुरु) सधैं प्रसन्न रहनुहुन्छ।

ਸਾਚਾ ਸਾਹਿਬੁ ਸਾਚੁ ਨਾਇ ਭਾਖਿਆ ਭਾਉ ਅਪਾਰੁ ॥
ती अकाल पुरख (निरंकार) आफ्ना सत्य नाउँका साथै आफु पनि सत्य हुन्, उनलाई (सत्य र सत्य) प्रेम गर्नेहरूलाई नै अनन्त भनिन्छ।

ਆਖਹਿ ਮੰਗਹਿ ਦੇਹਿ ਦੇਹਿ ਦਾਤਿ ਕਰੇ ਦਾਤਾਰੁ ॥
(समस्त देव, दैत्य, मनुष्य तथा पशु इत्यादि) जीव भनिरहन्छन्, मागिरहन्छन्(भौतिक पदार्थ) देऊ देऊ गर्दछन्, उनी दाता(परमात्मा) सबैलाई दिइरहन्छन्।

ਫੇਰਿ ਕਿ ਅਗੈ ਰਖੀਐ ਜਿਤੁ ਦਿਸੈ ਦਰਬਾਰੁ ॥
अब प्रश्न उत्पन्न हुँदछ कि( जसरी अन्य राजा-महाराजाहरूका समक्ष केही कोसेली लिएर जान्छन् त्यस्तै नै) उहाँ परिपूर्ण परमात्माका समक्ष के कोसेली लिएर जाने जसले गर्दा उनको द्वार सजिलै देख्न सकिन्छ?

ਮੁਹੌ ਕਿ ਬੋਲਣੁ ਬੋਲੀਐ ਜਿਤੁ ਸੁਣਿ ਧਰੇ ਪਿਆਰੁ ॥
हामी कस्तो प्रकारले आफ्नो जिब्रोले उहाँको प्रशंसा गर्न सक्छौं जसले गर्दा त्यो प्रशंसा सुनेपछि**,** ती अनन्त शक्ति (ईश्वर) ले हामीलाई प्रेम र भेटीहरू गरुन्**?**

ਅੰਮ੍ਰਿਤ ਵੇਲਾ ਸਚੁ ਨਾਉ ਵਡਿਆਈ ਵੀਚਾਰੁ ॥
यसको उत्तर गुरु महाराजले स्पष्टसँग दिएका छन् कि प्रातःकाल (अमृत वेला)मा (जुन समयमा मानिसको मन सामान्यतया सांसारिक भ्रमबाट अलग हुन्छ)**,** त्यो सत्य नामवाला अकाल पुरखको नाम-स्मरण गर्नुहोस् अनि उहाँको महिमा गाउनुहोस्**,** तब मात्र हामीले उनको प्रेम प्राप्त गर्न सक्छौं।

ਕਰਮੀ ਆਵੈ ਕਪੜਾ ਨਦਰੀ ਮੋਖੁ ਦੁਆਰੁ ॥
(यसमा यदि उनको कृपा भयो भने) गुरुजी भन्नुहुन्छ कि कर्मले मात्र प्राणीलाई यो शरीर रूपी बस्त्र अर्थात् मानव जीवन प्राप्त हुन्छ, यसबाट मुक्ति पाइन्न, मोक्ष प्राप्त गर्नका लागि उनको कृपामयी दृष्टि चाहिन्छ।

ਨਾਨਕ ਏਵੈ ਜਾਣੀਐ ਸਭੁ ਆਪੇ ਸਚਿਆਰੁ ॥੪॥
हे नानक! सत्य स्वरूप निरंकार नै सर्वस्व हुन् भन्ने अनुभूतिलाई स्वीकार गर्नुहोस्, यसले मानिसका सबै सन्देहहरू हटाउनेछ।

ਥਾਪਿਆ ਨ ਜਾਇ ਕੀਤਾ ਨ ਹੋਇ ॥
ईश्वरलाई कसैले पनि मूर्त रूपमा स्थापित गर्न सक्दैन, न त उनलाई बनाउन नै सकिन्छ।

ਆਪੇ ਆਪਿ ਨਿਰੰਜਨੁ ਸੋਇ ॥
उनी मायातित भई स्वयम् नै प्रकाशमान छन्।

ਜਿਨਿ ਸੇਵਿਆ ਤਿਨਿ ਪਾਇਆ ਮਾਨੁ ॥
जुन मानवले ती ईस्वरको नाम-स्मरण गरेको छ, उसैले उनको दरबारमा सम्मान प्राप्त गरेको छ।

ਨਾਨਕ ਗਾਵੀਐ ਗੁਣੀ ਨਿਧਾਨੁ ॥
श्री गुरु नानक देवजीको भनाइ छ कि ती गुणहरूको भण्डार निरंकारको आराधना गर्न पर्दछ।

ਗਾਵੀਐ ਸੁਣੀਐ ਮਨਿ ਰਖੀਐ ਭਾਉ ॥
उनको गुणगान गर्दै, प्रशंसा सुन्दै आफ्नो हृदयमा उनीप्रति श्रद्धा धारण गरौं।

ਦੁਖੁ ਪਰਹਰਿ ਸੁਖੁ ਘਰਿ ਲੈ ਜਾਇ ॥
यसो गर्नाले दुःखहरू नाश भएर घरमा सुखको बास हुँदछ।

ਗੁਰਮੁਖਿ ਨਾਦੰ ਗੁਰਮੁਖਿ ਵੇਦੰ ਗੁਰਮੁਖਿ ਰਹਿਆ ਸਮਾਈ ॥
गुरूको मुखबाट निस्केको शब्द नै वेदहरूको ज्ञान हो, त्यही उपदेशरूपी ज्ञान सबै ठाउँमा विद्यमान छ।

ਗੁਰੁ ਈਸਰੁ ਗੁਰੁ ਗੋਰਖੁ ਬਰਮਾ ਗੁਰੁ ਪਾਰਬਤੀ ਮਾਈ ॥
गुरु नै शिव, विष्णु, ब्रह्मा अनि माता पार्वती हुन्, किनभने गुरु परम शक्ति हुन्।

ਜੇ ਹਉ ਜਾਣਾ ਆਖਾ ਨਾਹੀ ਕਹਣਾ ਕਥਨੁ ਨ ਜਾਈ ॥
श्री गुरुनानक देवजीको भनाइ छ कि ती सर्वगुण स्वरूप परम पिता परमेश्वरलाई आफ्नो वाणीद्वारा व्यक्त गर्न सकिन्न किन कि उनको महिमा अपरम्पार छ उनको वर्णन हाम्रो सुक्ष्म बुद्धिद्वारा गर्न सकिन्न।

ਗੁਰਾ ਇਕ ਦੇਹਿ ਬੁਝਾਈ ॥
हे साँचो गुरु! मलाई केवल यही बुद्धि दिनुहोस् कि

ਸਭਨਾ ਜੀਆ ਕਾ ਇਕੁ ਦਾਤਾ ਸੋ ਮੈ ਵਿਸਰਿ ਨ ਜਾਈ ॥੫॥
समस्त प्राणीहरूको जो एक मात्र दाता हुनुहुन्छ, म कहिले पनि उनलाई नभुलूँ।।५।।

ਤੀਰਥਿ ਨਾਵਾ ਜੇ ਤਿਸੁ ਭਾਵਾ ਵਿਣੁ ਭਾਣੇ ਕਿ ਨਾਇ ਕਰੀ ॥
तीर्थ-स्नान पनि तब मात्र गर्न सकिन्छ यदि यो गर्न उनलाई स्वीकार्य हुन्छ, ती अकाल पुरखको इच्छा बिना मैले तीर्थ-स्नान गरेर पनि के गर्नु, किन भने यी सब अर्थहिन नै त हुन्छन्।

ਜੇਤੀ ਸਿਰਠਿ ਉਪਾਈ ਵੇਖਾ ਵਿਣੁ ਕਰਮਾ ਕਿ ਮਿਲੈ ਲਈ ॥
म ती रचयिताले सृष्टि गरेका जति पनि सृष्टि देख्दछु, तीमध्ये कर्म बिना न कुनै जीवले केही प्राप्त गर्न सक्दछ न त उसलाई केही प्राप्त हुँदछ।

ਮਤਿ ਵਿਚਿ ਰਤਨ ਜਵਾਹਰ ਮਾਣਿਕ ਜੇ ਇਕ ਗੁਰ ਕੀ ਸਿਖ ਸੁਣੀ ॥
यदि हामीले गुरुद्वारा प्राप्त ज्ञानलाई आफ्नो जीवनमा धारण गर्‍यौँ भने हाम्रो बुद्धि हिरा-मोतीजस्ता पदार्थले परिपूर्ण हुन्छ भाव हिरा मणिक्यजस्ता शोभनीय पदार्थजस्ता हाम्रो जीवन पनि शोभायमान हुनेछ।

ਗੁਰਾ ਇਕ ਦੇਹਿ ਬੁਝਾਈ ॥
हे गुरू जी**!** मलाई यहि ज्ञान दिनुहोस् कि

ਸਭਨਾ ਜੀਆ ਕਾ ਇਕੁ ਦਾਤਾ ਸੋ ਮੈ ਵਿਸਰਿ ਨ ਜਾਈ ॥੬॥
सृष्टिका समस्त प्राणिहरूको दाता निरंकार मदेखि हराएर नजाउन्।।६।।

ਜੇ ਜੁਗ ਚਾਰੇ ਆਰਜਾ ਹੋਰ ਦਸੂਣੀ ਹੋਇ ॥
यदि कुनै मानिस अथवा योगीले योग-साधना गरेर चार युग दस गुणा अधिक, अर्थात् चालीस युगको आयु पाए।

ਨਵਾ ਖੰਡਾ ਵਿਚਿ ਜਾਣੀਐ ਨਾਲਿ ਚਲੈ ਸਭੁ ਕੋਇ ॥
नौ खण्डहरू (पौराणिक धर्म-ग्रन्थहरूमा वर्णित इलावर्त, किंपुरुष, भद्र, भरत, केतुमाल, हरि, हिरण्य, रम्यक अनि कुरु) मा उनको  कीर्ति होस्, सबै उनको सम्मानमा एकसाथ चलुन्।

ਚੰਗਾ ਨਾਉ ਰਖਾਇ ਕੈ ਜਸੁ ਕੀਰਤਿ ਜਗਿ ਲੇਇ ॥
संसारमा प्रख्यात पुरुष बनेर आफ्नो रुपको गान गराइरहनु।

ਜੇ ਤਿਸੁ ਨਦਰਿ ਨ ਆਵਈ ਤ ਵਾਤ ਨ ਪੁਛੈ ਕੇ ॥
यदि अकाल पुरखको कृपादृष्टिमा त्यो मनुष्य आएन भने कसैले पनि उसको क्षमा माग्नु हुँदैन।

**ਕੀਟਾ ਅੰਦਰਿ ਕੀਟੁ ਕਰਿ ਦੋਸੀ ਦੋਸੁ ਧਰੇ ॥**
यति वैभव तथा मान-सम्मान भएर पनि यस्ता मानिस परमात्माका समक्ष किटानुहरूमा सानो किट अर्थात् अत्यन्त अधम मानिन्छ, दोषयुक्त मानिस पनि उसलाई दोषी सम्झन्छ।

**ਨਾਨਕ ਨਿਰਗੁਣਿ ਗੁਣੁ ਕਰੇ ਗੁਣਵੰਤਿਆ ਗੁਣੁ ਦੇ ॥**
गुरुनानकजीको भानाइ छ कि त्यो असीम-शक्ति निरंकारले गुणहीन मानिसलाई गुण प्रदान गर्दछन् अनि गुणी मानिसहरूलाई अतिरिक्त गुणवान बनाउँदछन्।

**ਤੇਹਾ ਕੋਇ ਨ ਸੁਝਈ ਜਿ ਤਿਸੁ ਗੁਣੁ ਕੋਇ ਕਰੇ ॥੭॥**
तर यस्तो कोही पनि अरू देखिँदैन, जो ती गुणहरूले परिपूर्ण परमात्मालाई कुनै गुण प्रदान गर्न सकोस्।।७।।

**ਸੁਣਿਐ ਸਿਧ ਪੀਰ ਸੁਰਿ ਨਾਥ ॥**
परमात्माको नाम सुन्नु, अर्थात् उनको कीर्तिमा अफ्नो हृदय लगाउनका कारण नै सिद्ध, पीर, देव तथा नाथ इत्यादि परम-पद प्राप्त गरिएको हो।

**ਸੁਣਿਐ ਧਰਤਿ ਧਵਲ ਆਕਾਸ ॥**
नाम सुन्दा पृथ्वीको ज्ञान प्राप्त हुन्छ, यसलाई धारण गर्ने वृष (पौराणिक शास्त्रअनुसार जसले धौला साँढे आफ्नो सिङमा अडाएको हुन्छ) र आकाशको स्थिरताको शक्ति प्राप्त हुन्छ ।

**ਸੁਣਿਐ ਦੀਪ ਲੋਅ ਪਾਤਾਲ ॥**
नाम सुन्नाले शाल्मलि, क्रौन्च, जम्बू, पालक आदि सप्त द्वीप, भूः भवः स्वः आदि चौध लोक तथा अतल, वितल, सुतल आदि सात पातालहरूको व्यापकता प्राप्त हुन्छ।

**ਸੁਣਿਐ ਪੋਹਿ ਨ ਸਕੈ ਕਾਲੁ ॥**
नाम सुन्नेलाई कालले स्पर्स पनि गर्न सक्दैन।

**ਨਾਨਕ ਭਗਤਾ ਸਦਾ ਵਿਗਾਸੁ ॥**
हे नानक! प्रभुको भक्तमा सदैव आनन्दको प्रकाश रहन्छ।

**ਸੁਣਿਐ ਦੂਖ ਪਾਪ ਕਾ ਨਾਸੁ ॥੮॥**
परमात्माको नाम सुनेपछि समस्त दुःख वा दुष्कर्महरूको नाश हुन्छ।

**ਸੁਣਿਐ ਈਸਰੁ ਬਰਮਾ ਇੰਦੁ ॥**
परमात्माको नाम सुन्दा नै शिव, ब्रहमा तथा इन्द्र आदि पदवी प्राप्त गर्न सकिन्छ।

ਸੁਣਿਐ ਮੁਖਿ ਸਾਲਾਹਣ ਮੰਦੁ ॥
निम्न स्तरका मानिसहरू अर्थात् नराम्रो कर्म गर्नेहरू पनि नाम सुन्दा मात्रै प्रशंसाको योग्य बन्छन्।

ਸੁਣਿਐ ਜੋਗ ਜੁਗਤਿ ਤਨਿ ਭੇਦ ॥
नामको साथ सङ्गत गर्नाले योगादि तथा शरीरको विशुद्ध छ चक्र, रत्नपुरक, मूलाधार आदिको रहस्य बोध हुन्छ ।

ਸੁਣਿਐ ਸਾਸਤ ਸਿਮ੍ਰਿਤਿ ਵੇਦ ॥
नाम सुन्नाले छ- शास्त्र(सांख्य, योग, न्याय आदि) सत्ताइस स्मृतिहरू( मनु, याज्ञवल्कय स्मृति अदि) तथा चारै वेदका ज्ञान उपलब्ध हुन्छन्।

ਨਾਨਕ ਭਗਤਾ ਸਦਾ ਵਿਗਾਸੁ ॥
हे नानक! सन्त जनहरूको हृदयमा सदैव अनन्दको प्रकाश रहन्छ।

ਸੁਣਿਐ ਦੂਖ ਪਾਪ ਕਾ ਨਾਸੁ ॥੯॥
परमात्माको नाम सुन्नाले सबै दुःख तथा दुष्कर्महरूको नाश हुन्छ।।९।।

ਸੁਣਿਐ ਸਤੁ ਸੰਤੋਖੁ ਗਿਆਨੁ ॥
नाम सुन्दैमा मानिसलाई सत्य, सन्तोष अनि ज्ञानजस्ता मूल धर्महरूको प्राप्ति हुन्छ।

ਸੁਣਿਐ ਅਠਸਠਿ ਕਾ ਇਸਨਾਨੁ ॥
नाम सुन्दा मात्रैमा समस्त तीर्थमै श्रेष्ठ अडसठ तीर्थहरूमा गरिने स्नानको फल प्राप्त भइहाल्छ।

ਸੁਣਿਐ ਪੜਿ ਪੜਿ ਪਾਵਹਿ ਮਾਨੁ ॥
निरंकारको नाम सुनेपछि उहाँलाई बारम्बार रसनामा ल्याउने व्यक्तिले उनको दरबारमा सम्मान पाउँछ।

ਸੁਣਿਐ ਲਾਗੈ ਸਹਜਿ ਧਿਆਨੁ ॥
नाम सुनेपछि परमात्मामा सजिलैसँग लिन हुनेछ, किनभने यसबाट आत्मिक सुद्धि भएर ज्ञान प्राप्त हुन्छ।

ਨਾਨਕ ਭਗਤਾ ਸਦਾ ਵਿਗਾਸੁ ॥
हे नानक! प्रभुको भक्तहरूमा सदैव आत्मिक आनन्दको प्रकाश रहन्छ।

ਸੁਣਿਐ ਦੂਖ ਪਾਪ ਕਾ ਨਾਸੁ ॥੧੦॥
परमात्माको नाम सुन्नाले समस्त दुःख तथा दुष्कर्महरूको नाश हुन्छन्।।१०।।

**ਸੁਣਿਐ ਸਰਾ ਗੁਣਾ ਕੇ ਗਾਹ ॥**
नाम सुन्नाले गुणहरूको सागर श्री हरिमा लिन हुन सकिन्छ।

**ਸੁਣਿਐ ਸੇਖ ਪੀਰ ਪਾਤਿਸਾਹ ॥**
नाम-श्रवणको प्राभावले नै शेख, पीर अनि राजा आफ्नो आशनमा शोभायमान छन्।

**ਸੁਣਿਐ ਅੰਧੇ ਪਾਵਹਿ ਰਾਹੁ ॥**
आज्ञानी मानिसले नाम-श्रवन गर्नाले नै प्रभु-भक्तिको मार्ग प्राप्त गर्न सक्दछ।

**ਸੁਣਿਐ ਹਾਥ ਹੋਵੈ ਅਸਗਾਹੁ ॥**
यस भवसागरको आथाह गहिराइलाई जान्न पाउनु पनि नाम-श्रवणको शक्तिले नै सम्भव हुन सक्दछ।

**ਨਾਨਕ ਭਗਤਾ ਸਦਾ ਵਿਗਾਸੁ ॥**
हे नानक! असल पुरुषहरूभित्र सधैं आनन्दको प्रकाश हुन्छ।

**ਸੁਣਿਐ ਦੂਖ ਪਾਪ ਕਾ ਨਾਸੁ ॥੧੧॥**
परमात्माको नाम सुन्नाले समस्त दुःख तथा दुष्कर्महरूको नाश हुन्छ।११।।

**ਮੰਨੇ ਕੀ ਗਤਿ ਕਹੀ ਨ ਜਾਇ ॥**
त्यस अकाल पुरुषका नाम सुनेर त्यसलाई मान्ने अर्थात् त्यसलाई आफ्नो हृदयमा बसाउने मानिसको अवस्था भनेर भन्न सकिन्न।

**ਜੇ ਕੋ ਕਹੈ ਪਿਛੈ ਪਛੁਤਾਇ ॥**
कसैले पनि उसको अस्थाको वर्णन गर्दछ भने अन्तमा पछुतो गर्नु पर्दछ किन भने यस्तो गर्नु सजिलो छैन, यस्तो कुनै रचना छैन जसले नामबाट प्राप्त हुने आनन्दको रहस्योदघाटन गर्न सकोस्।

**ਕਾਗਦਿ ਕਲਮ ਨ ਲਿਖਣਹਾਰੁ ॥**
यस्तो अवस्थालाई यदि लेखियो भने पनि यसका लागि न कागज छ, न कलम छ न त लेख्ने कुनै जिज्ञासु नै।

**ਮੰਨੇ ਕਾ ਬਹਿ ਕਰਨਿ ਵੀਚਾਰੁ ॥**
जसले वाहेगुरुमा लिन हुनका लागि सोच्न सक्छन्।

**ਐਸਾ ਨਾਮੁ ਨਿਰੰਜਨੁ ਹੋਇ ॥**
परमात्माको नाम सर्वश्रेष्ठ तथा मायातीत छ।

**ਜੇ ਕੋ ਮੰਨਿ ਜਾਣੈ ਮਨਿ ਕੋਇ ॥੧੨॥**
यदि कसैले उसलाई हृदयमा बसाएर उसको बारेमा चिन्तन गर्दछ भने।।१२।।

**ਮੰਨੈ ਸੁਰਤਿ ਹੋਵੈ ਮਨਿ ਬੁਧਿ ॥**
परमात्माका नाम सुनेर त्यसको चिन्तन गर्नाले मन अनि बुद्धिमा उत्तम प्रीति पैदा हुनेछ।

**ਮੰਨੈ ਸਗਲ ਭਵਣ ਕੀ ਸੁਧਿ ॥**
चिन्तन गर्नाले सम्पूर्ण सृष्टिका ज्ञान-बोध हुँदछ।

**ਮੰਨੈ ਮੁਹਿ ਚੋਟਾ ਨਾ ਖਾਇ ॥**
यस संसारमा परमेश्वरको उपासना गर्ने मानिस सांसारिक कष्ट तथा परलोकमा यमदूतको यातनाहरूबाट पीडित हुँदैन।

**ਮੰਨੈ ਜਮ ਕੈ ਸਾਥਿ ਨ ਜਾਇ ॥**
विचारशील मानिस मृत्युपछि यमसँग नरकमा जाँदैन, तर देवताहरूसँग स्वर्ग जान्छ। ईश्वरको नाम स्मरण गर्ने मानिस जीवनको अन्तमा स्वर्गदूतहरूसित नरकमा जाँदैन, तर उसलाई स्वयम् ईश्वरका दूतहरूद्वारा स्वर्गमा लगिइन्छ। भगवान्को नामजप गर्नेहरूलाई भगवान्को आशीर्वाद प्राप्त हुन्छ जो कि यमदूतजस्ताले पनि छुन सक्दैन।

**ਐਸਾ ਨਾਮੁ ਨਿਰੰਜਨੁ ਹੋਇ ॥**
परमात्माको नाम अत्यन्त श्रेष्ठ तथा रहस्यमय छ।

**ਜੇ ਕੋ ਮੰਨਿ ਜਾਣੈ ਮਨਿ ਕੋਇ ॥੧੩॥**
यदि कसैले उसलाई आफ्नो हृदयमा लिन भएर उसको चिन्तन गर्दछ भने।।१३।।

**ਮੰਨੈ ਮਾਰਗਿ ਠਾਕ ਨ ਪਾਇ ॥**
निरंकारको नामको चिन्तन गर्ने मानिसको मार्गमा कुनै प्रकारकको बाधा आउँदैन।

**ਮੰਨੈ ਪਤਿ ਸਿਉ ਪਰਗਟੁ ਜਾਇ ॥**
चिन्तनशील व्यक्ति संसारमा सुन्दरताको हकदार हुन्छ ।

**ਮੰਨੈ ਮਗੁ ਨ ਚਲੈ ਪੰਥੁ ॥**
यस्ता व्यक्ति दुविधापूर्न मार्ग अथवा साम्प्रदायिकतालाई त्यागेर धर्मको बाटोमा हिँड्दछन् ।

**ਮੰਨੈ ਧਰਮ ਸੇਤੀ ਸਨਬੰਧੁ ॥**
धर्म-कार्यहरूसँग चिन्तनको बलियो सम्बन्ध हुँदछ।

**ਐਸਾ ਨਾਮੁ ਨਿਰੰਜਨੁ ਹੋਇ ॥**
परमात्माको नाम धेरै नै श्रेष्ठ तथा रहस्यमयी हुन्छ।

**ਜੇ ਕੋ ਮੰਨਿ ਜਾਣੈ ਮਨਿ ਕੋਇ ॥੧੪॥**
यदि कसैले उसलाई आफ्नो हृदयमा लिएर उसको चिन्तन गर्दछ भने।।१४।।

**ਮੰਨੈ ਪਾਵਹਿ ਮੋਖੁ ਦੁਆਰੁ ॥**
प्रभुको नामको चिन्तन गर्ने मानिसले मोक्षको द्वार प्राप्त गर्दछ।
यी परमेश्वरका नाम-स्मरण नै यस संसाररूपी सागरमा पार लगाउने नौका अर्थात् मुक्ति दिने मोक्षको एक मात्र साधन हो।

**ਮੰਨੈ ਪਰਵਾਰੈ ਸਾਧਾਰੁ ॥**
चिन्तन गर्नेले आफ्ना परिवारका सबै सदस्यहरूमा त्यही नाउँको आश्रय दिन्छन्।

**ਮੰਨੈ ਤਰੈ ਤਾਰੇ ਗੁਰੁ ਸਿਖ ॥**
चिन्तनशील गुरसिख आफुले त यो भव-सागर पार गर्दछन् तथा अन्य साथीसङ्गीहरूलाई पनि पार गराइदिन्छन्।

**ਮੰਨੈ ਨਾਨਕ ਭਵਹਿ ਨ ਭਿਖ ॥**
हे नानक! चिन्तन गर्ने मानव, भिखारी बन्दैन।

**ਐਸਾ ਨਾਮੁ ਨਿਰੰਜਨੁ ਹੋਇ ॥**
परमात्माका नाम धेरै श्रेष्ठ एवम् रहस्यमय छ।

**ਜੇ ਕੋ ਮੰਨਿ ਜਾਣੈ ਮਨਿ ਕੋਇ ॥੧੫॥**
यदि कसै त्यसलाई आफ्नो मनमा लिएर चिन्तन गर्‍यो भने।

**ਪੰਚ ਪਰਵਾਣ ਪੰਚ ਪਰਧਾਨੁ ॥**
जसले प्रभु-नामको चिन्तन गर्दछ उसलाई श्रेष्ठ सन्तजन निरंकारका द्वारमा स्वीकारिन्छ, ऊ नै त्यहाँ प्रमुख हुन्छ।

**ਪੰਚੇ ਪਾਵਹਿ ਦਰਗਹਿ ਮਾਨੁ ॥**
यस्ताले गुरुमुख प्रिय अकाल पुरुषको सभामा सम्मान पाउँछन्।

**ਪੰਚੇ ਸੋਹਹਿ ਦਰਿ ਰਾਜਾਨੁ ॥**
यस्ता सद्- पुरुषहरू राजदरबारमा सुसज्जित हुन्छन्।
जुन प्रभुका प्रेमिहरूले उनको नामरूपी रसको अमृतपान गरेका हुन्छन् यस्ता सद-पुरुष उनको दरबारमा परमात्माको घरमा बस्न पाउँछन्। ईश्वरको घरमा हाम्रो नामरूपी धन मात्र साथमा जान्छ।

**ਪੰਚਾ ਕਾ ਗੁਰੁ ਏਕੁ ਧਿਆਨੁ ॥**
सदगुणी मानवको ध्यन ती सतगुरु(निरंकार) मा नै दृढ रहन्छ।

**ਜੇ ਕੋ ਕਹੈ ਕਰੈ ਵੀਚਾਰੁ ॥**
यदि कुनै व्यक्ति त्यस सृष्टिकर्ताको बारेमा भन्न चाहन्छ वा उनको रचनाको हिसाब गर्न चाहन्छ भने

**ਕਰਤੇ ਕੈ ਕਰਣੈ ਨਾਹੀ ਸੁਮਾਰੁ ॥**
ती रचयिताका प्रकृतिका अनुमान गर्न सकिँदैन।

**ਧੌਲੁ ਧਰਮੁ ਦਇਆ ਕਾ ਪੂਤੁ ॥**
निरंकारद्वारा रचित सृष्टि स्वयंमा धर्मरूपी वृषभ (धौला गोरु) द्वारा कायम रहन्छ, जो दयाका पुत्र हुन् (किनकि मनमा करुणा भए मात्र यस मानव प्राणीबाट धर्मको कार्य सम्भव हुनेछ)।

**ਸੰਤੋਖੁ ਥਾਪਿ ਰਖਿਆ ਜਿਨਿ ਸੂਤਿ ॥**
जसलाई सन्तोषरूपी सूत्रले बाँधिएको छ।

**ਜੇ ਕੋ ਬੁਝੈ ਹੋਵੈ ਸਚਿਆਰੁ ॥**
यदि कसैलाई परमेश्वरको यो रहस्य थाह भयो भने, ऊ सत्यवादी हुन सक्छ।

**ਧਵਲੈ ਉਪਰਿ ਕੇਤਾ ਭਾਰੁ ॥**
ऊसँग कति बोझ छ, ऊ कति बोझ उठाउने क्षमता राख्दछ।

**ਧਰਤੀ ਹੋਰੁ ਪਰੈ ਹੋਰੁ ਹੋਰੁ ॥**
किन कि यस धरतीमा सृष्टिकर्ताले जे रचना गरेका छन् त्यो असिम छ, अनन्त छ।

**ਤਿਸ ਤੇ ਭਾਰੁ ਤਲੈ ਕਵਣੁ ਜੋਰੁ ॥**
उसोभए त्यो गोरुको बोझ कुन शक्तिमा आश्रित छ।

**ਜੀਅ ਜਾਤਿ ਰੰਗਾ ਕੇ ਨਾਵ ॥**
सृष्टिकर्ताको यस रचनामा अनेक जातिहरू, रङहरू तथा अलग-अलग नामले चिनिने मानिसहरू पर्दछन्।

**ਸਭਨਾ ਲਿਖਿਆ ਵੁੜੀ ਕਲਾਮ ॥**
जसको मस्तिष्कमा परमात्माको आज्ञाद्वारा संचालित कलमले कर्महरूको भाग्य लेखिएको हुन्छ।

**ਏਹੁ ਲੇਖਾ ਲਿਖਿ ਜਾਣੈ ਕੋਇ ॥**
तर यदि कुनै साधारण मानिसले यो भाग्य लेख्ने कुरा गर्छ भने,

**ਲੇਖਾ ਲਿਖਿਆ ਕੇਤਾ ਹੋਇ ॥**
उसलाई यो पनि थाहा हुनेछैन कि यो लेखिने भाग्यको कति अंश लेखिनेछ।

**ਕੇਤਾ ਤਾਣੁ ਸੁਆਲਿਹੁ ਰੂਪੁ ॥**
लेख्ने ती परमात्मामा कति शक्ति होला, उनको रूप कति सुन्दर छ।

**ਕੇਤੀ ਦਾਤਿ ਜਾਣੈ ਕੌਣੁ ਕੂਤੁ ॥**
उनको कति कृपा छ, यस्तो को छ जसले उनका सम्पूर्ण अनुमान लगाउन सक्दछ।

**ਕੀਤਾ ਪਸਾਉ ਏਕੋ ਕਵਾਉ ॥**
अकाल पुरखको मात्र एउटा शब्दले समस्त सृष्टिको प्रसार भएको हो।

**ਤਿਸ ਤੇ ਹੋਏ ਲਖ ਦਰੀਆਉ ॥**
त्यो एक शब्दरूपी आदेशबाट नै सृष्टिमा एकबाट अनेक जीव-जन्तु, तथा अन्य पदार्थहरूका

प्रवाह चलिरहेका छन्।

**ਕੁਦਰਤਿ ਕਵਣ ਕਹਾ ਵੀਚਾਰੁ ॥**
यसकारण मसँग यति बुद्धि कहाँ छ कि म ती अकथनीय प्रभुको सामर्थ्यलाई सम्झन सकूँ।

**ਵਾਰਿਆ ਨ ਜਾਵਾ ਏਕ ਵਾਰ ॥**
हे अनन्त स्वरूप! म एकपल्ट पनि तपाईंप्रति न्यौछावर हुन सक्षम छुइन।

**ਜੋ ਤੁਧੁ ਭਾਵੈ ਸਾਈ ਭਲੀ ਕਾਰ ॥**
तपाईँलाई जुन राम्रो लाग्छ त्यही कार्य श्रेष्ठ हो।

**ਤੂ ਸਦਾ ਸਲਾਮਤਿ ਨਿਰੰਕਾਰ ॥੧੬॥**
हे निरंकार! हे पारब्रह्म! तपाईं सदा शाश्वत रूप हुनुहुन्छ।।१६।।

**ਅਸੰਖ ਜਪ ਅਸੰਖ ਭਾਉ ॥**
यस सृष्टिमा असङ्ख्य मानिसहरू ती सृष्टिकर्ताको जप गर्दछन्, उनलाई मन पराउने असङ्ख्य छन्।

**ਅਸੰਖ ਪੂਜਾ ਅਸੰਖ ਤਪ ਤਾਉ ॥**
असङ्ख्यौले उनको अर्चना गर्छन्, असङ्ख्यौ तपस्वीहरू तपस्या गरिरहेका छन्।

**ਅਸੰਖ ਗਰੰਥ ਮੁਖਿ ਵੇਦ ਪਾਠ ॥**
असङ्ख्य मानिसहरू धार्मिक ग्रन्थहरू तथा वेद आदि मुखले पाठ गरिरहेका छन्।

**ਅਸੰਖ ਜੋਗ ਮਨਿ ਰਹਹਿ ਉਦਾਸ ॥**
असङ्ख्य नै योग-साधनमा लिन रहेर मनलाई आसक्तिहरूबाट मुक्त राख्दछन्।

**ਅਸੰਖ ਭਗਤ ਗੁਣ ਗਿਆਨ ਵੀਚਾਰ ॥**
असङ्ख्य यस्ता भक्तहरू छन् जो ती गुणी निरंकारका गुणहरूलाई मनन गरेर ज्ञान प्राप्त गर्दछन्।

**ਅਸੰਖ ਸਤੀ ਅਸੰਖ ਦਾਤਾਰ ॥**
सत्यलाई चिन्ने अथवा परमार्थ-पदमा हिँड्ने तथा दानी सज्जन असङ्ख्य छन्।

**ਅਸੰਖ ਸੂਰ ਮੁਹ ਭਖ ਸਾਰ ॥**
असङ्ख्य शुरवीर रणभुमिमा शत्रुका सामना गर्दा शास्त्रको मार सहन्छन्।

**ਅਸੰਖ ਮੋਨਿ ਲਿਵ ਲਾਇ ਤਾਰ ॥**
असङ्ख्य मानव जीव मौन धारण गरेर एकाग्रचिचितित भएर ती अकाल-पुरखमा लिन रहन्छन्।

**ਕੁਦਰਤਿ ਕਵਣ ਕਹਾ ਵੀਚਾਰੁ ॥**
यसकारण मेरो यति बुद्धि कहाँ छ कि म ती अकथनीय प्रभुका सामर्थ्यलाई बुझ्न सकूँ।

**ਵਾਰਿਆ ਨ ਜਾਵਾ ਏਕ ਵਾਰ ॥**
हे अनन्त स्वरूप! म तिमीप्रति समर्पित हुनका लागि एकदमै योग्य छुइन।

**ਜੋ ਤੁਧੁ ਭਾਵੈ ਸਾਈ ਭਲੀ ਕਾਰ ॥**
जो तपाईँलाई राम्रो लाग्छ त्यही कार्य श्रेष्ठ हो।

**ਤੂ ਸਦਾ ਸਲਾਮਤਿ ਨਿਰੰਕਾਰ ॥੧੭॥**
हे निरंकार! हे पारब्रह्म! तिमी शाश्वत रूप हौ।।१७।।

**ਅਸੰਖ ਮੂਰਖ ਅੰਧ ਘੋਰ ॥**
यस सृष्टिमा असङ्ख्य विमुढ तथा गहन अज्ञानी मानिसहरू छन्।

**ਅਸੰਖ ਚੋਰ ਹਰਾਮਖੋਰ ॥**
असङ्ख्य चोर तथा अभक्ष्य खानेहरू छन्, जसले अरूको समान चोरेर खान्छन्।

**ਅਸੰਖ ਅਮਰ ਕਰਿ ਜਾਹਿ ਜੋਰ ॥**
असङ्ख्य नै यस्ता छन् जो अन्य मानिसहरूप्रति कठोर आचारणले अत्याचारी शासन गरेर यो संसार त्यागेर जान्छन्।

**ਅਸੰਖ ਗਲਵਢ ਹਤਿਆ ਕਮਾਹਿ ॥**
असङ्ख्य अधर्मी मानिसहरू जो अर्काको गला काटेर हत्याको पाप कमाइरहेका छन्।

**ਅਸੰਖ ਪਾਪੀ ਪਾਪੁ ਕਰਿ ਜਾਹਿ ॥**
असङ्ख्य नै पापीहरू यस संसारबाट पाप गरेर जाँदछन्।

**ਅਸੰਖ ਕੂੜਿਆਰ ਕੂੜੇ ਫਿਰਾਹਿ ॥**
असङ्ख्य नै  झूटा स्वभावहरू राख्नेहरू झूटा कुराहरू बोल्दै हिँड्छन्।

**ਅਸੰਖ ਮਲੇਛ ਮਲੁ ਭਖਿ ਖਾਹਿ ॥**
असङ्ख्य मानिसहरू यस्ता छन् जो आफ्नो फोहोर बुद्धि भएका कारण विषाक्त भोजन खान्छन् ।

**ਅਸੰਖ ਨਿੰਦਕ ਸਿਰਿ ਕਰਹਿ ਭਾਰੁ ॥**
असङ्ख्य मानिसहरू अरूको निन्दा गरेर आफ्नो शीरमाथि पापको बोझ राख्दछन्।

**ਨਾਨਕੁ ਨੀਚੁ ਕਹੈ ਵੀਚਾਰੁ ॥**
श्री गुरु नानक देवले पापी एवम् दुष्ट, अज्ञानी, अभक्ष्य कुरा खाने, दुराचारी र अधर्मी मानिसहरूको चरित्र वर्णन गर्दै उनीहरूका सामु आफूलाई अत्यन्त तुच्छ भनेका छन्।

**ਵਾਰਿਆ ਨ ਜਾਵਾ ਏਕ ਵਾਰ ॥**
हे अनन्त स्वरूप! म तपाँईमा सपर्पित हुन एकदमै योग्य छुइन।

**ਜੋ ਤੁਧੁ ਭਾਵੈ ਸਾਈ ਭਲੀ ਕਾਰ ॥**
तपाँईलाई जे राम्रो लाग्छ त्यही कार्य श्रेष्ठ हो।

**ਤੂ ਸਦਾ ਸਲਾਮਤਿ ਨਿਰੰਕਾਰ ॥੧੮॥**
हे निरंकार!हे पारब्रह्म! तिमी सदैव शाश्वत हौ।।१८।।

**ਅਸੰਖ ਨਾਵ ਅਸੰਖ ਥਾਵ ॥**
ती सृष्टिकर्ताको सृष्टिमा अनगिन्ती नाम र अनगिन्ती स्थानका प्राणीहरू घुमिरहेका छन्; अथवा यस सृष्टिमा अकाल-पुरखका धेरै नामहरू छन् तथा धेरै ठाउँहरू छन् जहाँ परमात्मा बस्नुहुन्छ।

**ਅਗੰਮ ਅਗੰਮ ਅਸੰਖ ਲੋਅ ॥**
असङ्ख्य नै अकत्पनीय लोक छन्।

**ਅਸੰਖ ਕਹਹਿ ਸਿਰਿ ਭਾਰੁ ਹੋਇ ॥**
तर जुन मानिसले उहाँको सृष्टिको हिसाब गर्दा 'असङ्ख्य' शब्द प्रयोग गर्दछ उसको शिरमा पनि बोझ हुन्छ।

**ਅਖਰੀ ਨਾਮੁ ਅਖਰੀ ਸਾਲਾਹ ॥**
शब्दद्वारा मात्र त्यो निरंकरको नामजप गर्न सकिन्छ, शब्दले मात्र प्रशंसा गर्न सकिन्छ ।

**ਅਖਰੀ ਗਿਆਨੁ ਗੀਤ ਗੁਣ ਗਾਹ ॥**
परमात्माका गुणहरूको ज्ञान पनि शब्दहरूद्वारा गर्न सकिन्छ अनि उहाँको प्रशंसा पनि

शब्दहरूद्वारा मात्र गर्न सकिन्छ।

**ਅਖਰੀ ਲਿਖਣੁ ਬੋਲਣੁ ਬਾਣਿ ॥**
केवल शब्दहरूद्वारा नै उहाँको वाणी लेख्र र बोल्न सकिन्छ।

**ਅਖਰਾ ਸਿਰਿ ਸੰਜੋਗੁ ਵਖਾਣਿ ॥**
मस्तिष्कमा लेखिएका कार्महरू शब्दद्वारा वर्णन गर्न सकिन्छ।

**ਜਿਨਿ ਏਹਿ ਲਿਖੇ ਤਿਸੁ ਸਿਰਿ ਨਾਹਿ ॥**
तर जुन ईश्वरले सबैको भाग्य लेखेका छन्, ती परमेश्वर स्वयम् नियतिदेखि माथि छन्।

**ਜਿਵ ਫੁਰਮਾਏ ਤਿਵ ਤਿਵ ਪਾਹਿ ॥**
जसरी अकाल-पुरखले मानिसको कर्मअनुसार आज्ञा दिन्छन्, त्यसरी नै उसले पनि आफ्ना कर्महरूलाई भोग्छ।

**ਜੇਤਾ ਕੀਤਾ ਤੇਤਾ ਨਾਉ ॥**
सृष्टिकर्ताले यस सृष्टिलाई जति पनि विस्तार गरेका छन्, ती सबै नाम-रूपी नै छन्।

**ਵਿਣੁ ਨਾਵੈ ਨਾਹੀ ਕੋ ਥਾਉ ॥**
कुनै पनि स्थान नाम नभएको छैन।

**ਕੁਦਰਤਿ ਕਵਣ ਕਹਾ ਵੀਚਾਰੁ ॥**
यसकारण मसँग यति बुद्धि कहाँ छ कि म ती अकथनीय प्रभुको सामर्थ्यको बारेमा कहाँ सोच्न सकूँ।

**ਵਾਰਿਆ ਨ ਜਾਵਾ ਏਕ ਵਾਰ ॥**
हे अनन्त स्वरूप! म एकपल्ट पनि तपाईंप्रति न्यौछावर हुन सक्षम छुइन।

**ਜੋ ਤੁਧੁ ਭਾਵੈ ਸਾਈ ਭਲੀ ਕਾਰ ॥**
तपाईँलाई जुन राम्रो लाग्छ त्यही कार्य श्रेष्ठ हो।

**ਤੂ ਸਦਾ ਸਲਾਮਤਿ ਨਿਰੰਕਾਰ ॥੧੯॥**
हे निरंकार! हे पारब्रह्म! तपाईँ सदा शाश्वत रूप हुनुहुन्छ।।१९।।

**ਭਰੀਐ ਹਥੁ ਪੈਰੁ ਤਨੁ ਦੇਹ ॥**
यदि यो शरीर, हात- खुट्टा अथवा कुना अन्य अङ्ग मलिन भए

**ਪਾਣੀ ਧੋਤੈ ਉਤਰਸੁ ਖੇਹ ॥**
भने पानीले धोएपछि त्यसको मैला वा माटो सफा हुन्छ

**ਮੂਤ ਪਲੀਤੀ ਕਪੜੁ ਹੋਇ ॥**
यदि कुनै वस्त्र मलमूत्र आदिले अपवित्र भए

**ਦੇ ਸਾਬੂਣੁ ਲਈਐ ਓਹੁ ਧੋਇ ॥**
भने त्यसलाई साबुनले धोइन्छ।

**ਭਰੀਐ ਮਤਿ ਪਾਪਾ ਕੈ ਸੰਗਿ ॥**
यदि मानिसको बुद्धि दुष्कर्म गरेकाले मैला भए

**ਓਹੁ ਧੋਪੈ ਨਾਵੈ ਕੈ ਰੰਗਿ ॥**
भने त्यो वाहेगुरुका नामका स्मरण गरेर मात्र पवित्र हुन सक्दछ।

**ਪੁੰਨੀ ਪਾਪੀ ਆਖਣੁ ਨਾਹਿ ॥**
पुण्य र पाप भन्नका लागि मात्र होइन।

**ਕਰਿ ਕਰਿ ਕਰਣਾ ਲਿਖਿ ਲੈ ਜਾਹੁ ॥**
तर यस संसारमा बसेर मानिसले गरेका हरेक राम्रा-नराम्रा कर्मको विवरण धर्मराजले पठाएका चित्र-गुप्तले लेख्नेछन्, जसअनुसार उसलाई स्वर्ग वा नर्क प्राप्त हुनेछ ।

**ਆਪੇ ਬੀਜਿ ਆਪੇ ਹੀ ਖਾਹੁ ॥**
त्यसैले मानिस आफै कर्मको बिउ छर्छ अनि त्यसको फल आफै काट्छ।

**ਨਾਨਕ ਹੁਕਮੀ ਆਵਹੁ ਜਾਹੁ ॥੨੦॥**
गुरु नानकजी भन्नुहुन्छ कि यस संसारमा प्राणीको कर्मले उसलाई आवागमनको चक्रमा नै राख्नेछ, निरंकारले जीवको कर्मअनुसार यसको फलको आज्ञा दिनेछन्।। २०।।

**ਤੀਰਥੁ ਤਪੁ ਦਇਆ ਦਤੁ ਦਾਨੁ ॥**
तीर्थ-यात्रा, तपस्या- साधना, प्राणीहरूप्रति करुणा तथा निःस्वार्थ दान दिनाले

**ਜੇ ਕੋ ਪਾਵੈ ਤਿਲ ਕਾ ਮਾਨੁ ॥**
यदि कुनै मनुष्यले सम्मान पायो भने ऊ निकै सानो हुन्छ ।

**ਸੁਣਿਆ ਮੰਨਿਆ ਮਨਿ ਕੀਤਾ ਭਾਉ ॥**
तर जसले आफ्नो हृदयमा परमेश्वरको नामलाई प्रेम गरेका हुन्छन् र यसको बारेमा निरन्तर

ਚਿन्तन गरेका हुन्छन्।

**ਅੰਤਰਗਤਿ ਤੀਰਥਿ ਮਲਿ ਨਾਉ ॥**
मानौ उनीहरूले आफ्नो भित्रको तीर्थको स्थान गरे अनि आफ्नो मैला हटाए। (अर्थात्, त्यो प्राणीले आफ्नो हृदयलाई निरंकारमा डुबाएर आफ्नो अन्तस्करणको धुलो शुद्ध पारेको छ।)

**ਸਭਿ ਗੁਣ ਤੇਰੇ ਮੈ ਨਾਹੀ ਕੋਇ ॥**
हे सर्वगुण स्वरूप! तिमीमा सबै गुण छन्, ममा कुनै राम्रो गुण छैन।

**ਵਿਣੁ ਗੁਣ ਕੀਤੇ ਭਗਤਿ ਨ ਹੋਇ ॥**
सदाचारको गुण धारण नगरी भगवान्को भक्ति पनि हुन सक्दैन।

**ਸੁਅਸਤਿ ਆਥਿ ਬਾਣੀ ਬਰਮਾਉ ॥**
हे निरंकार! तिम्रो संधै जय होस्, तिमी कल्याण स्वरूप हौ, ब्रह्म रूप हौ।

**ਸਤਿ ਸੁਹਾਣੁ ਸਦਾ ਮਨਿ ਚਾਉ ॥**
तिमी सत्य हौ, चैतन्य हौ अनि सदैव आनन्द स्वरूप हौ।

**ਕਵਣੁ ਸੁ ਵੇਲਾ ਵਖਤੁ ਕਵਣੁ ਕਵਣ ਥਿਤਿ ਕਵਣੁ ਵਾਰੁ ॥**
परमात्माले जब यो सृष्टिको शुरुवात गरेका थिए तब कुन चाँहि समय, कुन चाहिँ पल, कुन चाहिँ तिथि, तथा कुन चाहिँ दिन थियो।

**ਕਵਣਿ ਸਿ ਰੁਤੀ ਮਾਹੁ ਕਵਣੁ ਜਿਤੁ ਹੋਆ ਆਕਾਰੁ ॥**
त्यस समय कुन चाँहि ऋतु, कुन चाँहि महिना थियो, जब यो शुरू भएको थियो, यी सब कसले जान्दछ?

**ਵੇਲ ਨ ਪਾਈਆ ਪੰਡਤੀ ਜਿ ਹੋਵੈ ਲੇਖੁ ਪੁਰਾਣੁ ॥**
सृष्टि प्रसार भएको निश्चित समय महाविद्वान्, ऋषिमुनि अदिले पनि पत्ता लगाउन सकेका छैनन्, यदि उनीहरूले जान्न सकेका भए निश्चय नै वेदहरू अथवा धर्म-ग्रन्थहरूमा यसको उल्लेख गर्ने थिए।

**ਵਖਤੁ ਨ ਪਾਇਓ ਕਾਦੀਆ ਜਿ ਲਿਖਨਿ ਲੇਖੁ ਕੁਰਾਣੁ ॥**
यस समयको ज्ञान त कजिहरूलाई पनि हुन सकेन , यदि उनीहरूलाई थाहा भएको भए कुरान आदिमा यसको उल्लेख गर्ने थिए।

**ਥਿਤਿ ਵਾਰੁ ਨਾ ਜੋਗੀ ਜਾਣੈ ਰੁਤਿ ਮਾਹੁ ਨਾ ਕੋਈ ॥**
यस सृष्टिका रचनाको दिन, वार, ऋतु अथवा महिना आदिबारे कुनै योगीले पनि जान्न पाएका

छैनन्।

**ਜਾ ਕਰਤਾ ਸਿਰਠੀ ਕਉ ਸਾਜੇ ਆਪੇ ਜਾਣੈ ਸੋਈ ॥**
यसको बारेमा त जो यस जगत्का रचयिता हुन् उनी स्वयं नै जान्न् सक्दछन् कि यस सृष्टिको प्रसार कहिले गरिएको थियो।

**ਕਿਵ ਕਰਿ ਆਖਾ ਕਿਵ ਸਾਲਾਹੀ ਕਿਉ ਵਰਨੀ ਕਿਵ ਜਾਣਾ ॥**
म कसरी ती अकाल पुरुषको चमत्कारबारे भनूँ, कसरी उको प्रशंसा गरूँ, कस्तो प्रकारले वर्णन गरूँ अनि कसरी तिनको भेदलाई जान्न सक्दछु?

**ਨਾਨਕ ਆਖਣਿ ਸਭੁ ਕੋ ਆਖੈ ਇਕ ਦੂ ਇਕੁ ਸਿਆਣਾ ॥**
सतगुरुजी भन्नुहुन्छ कि भन्नका लागि त कसैले पनि अरुभन्दा बुद्धिमान भएर ती परमात्माको प्रसंसा गर्छन्।

**ਵਡਾ ਸਾਹਿਬੁ ਵਡੀ ਨਾਈ ਕੀਤਾ ਜਾ ਕਾ ਹੋਵੈ ॥**
तर परमेश्वर महान् छन्, उनको नाम उनीभन्दा पनि महान् छ, सृष्टिमा जे पनि भइरहेको छ त्यो उनले गरेर नै भइरहेको छ।

**ਨਾਨਕ ਜੇ ਕੋ ਆਪੌ ਜਾਣੈ ਅਗੈ ਗਇਆ ਨ ਸੋਹੈ ॥੨੧॥**
हे नानक! यदि कुनै जीवले त्यो अभेद्य निरंकारको गुणात्मक रहस्य जान्दछु भनी गर्व गर्छ भने उसले यस संसारमा त के परलोकमा पनि सम्मान प्राप्त गर्दैन ॥ २१ ॥

**ਪਾਤਾਲਾ ਪਾਤਾਲ ਲਖ ਆਗਾਸਾ ਆਗਾਸ ॥**
सतगुरुजीले आम मानिसको मनमा रहेको सात स्वर्ग र सात पातालको शङ्कालाई दूर गर्दै ब्रह्माण्डको सृष्टिमा लाखौं पातालमात्र छन् र आकाशदेखि आकाशसम्म लाखौं आकाश छन् भन्छन्।

**ਓੜਕ ਓੜਕ ਭਾਲਿ ਥਕੇ ਵੇਦ ਕਹਨਿ ਇਕ ਵਾਤ ॥**
वेद र ग्रन्थहरूमा पनि यही कुरा भनिएको छ कि खोज्नेहरू यसलाई अन्त्यसम्म खोजेर थाकेका हुन्छन्, तर यसको अन्त कसैले पनि भेट्टाएका छैनन् ।

**ਸਹਸ ਅਠਾਰਹ ਕਹਨਿ ਕਤੇਬਾ ਅਸੁਲੂ ਇਕੁ ਧਾਤੁ ॥**
सबै धर्मशास्त्रमा अठार हजार संसार भएको बताइएको छ, तर वास्तवमा, तिनीहरूको मुल एक परमेश्वर नै हुन्, जो तिनीहरूको सृष्टिकर्ता हुनुहुन्छ।

**ਲੇਖਾ ਹੋਇ ਤ ਲਿਖੀਐ ਲੇਖੈ ਹੋਇ ਵਿਣਾਸੁ ॥**
उनको रचनाको आकारको अनुमान वा गणना गर्न सकिँदैन, अनि यो कुनै पनि मानवीय गणनादेखि माथि छ।

**ਨਾਨਕ ਵਡਾ ਆਖੀਐ ਆਪੇ ਜਾਣੈ ਆਪੁ ॥੨੨॥**
हे नानक! जुन सृष्टिकर्तालाई यस सम्पूर्ण जगतमा महान् भनिआएको छ उहाँ स्वयंले मात्र उहाँलाई जान्नुहुन्छ अथवा जान्न सक्नुहुन्छ।

**ਸਾਲਾਹੀ ਸਾਲਾਹਿ ਏਤੀ ਸੁਰਤਿ ਨ ਪਾਈਆ ॥**
स्तुति गर्ने साधकहरूले पनि ती परमात्माको स्तुति गरेर उनको सिमा पाउन सकेका छैनन्।

**ਨਦੀਆ ਅਤੈ ਵਾਹ ਪਵਹਿ ਸਮੁੰਦਿ ਨ ਜਾਣੀਅਹਿ ॥**
जसरी नदि-नालाहरू समुन्द्रमा मिलेर त्यसको अथाह अन्तसम्म पुग्न सक्दैनन्, तर आफ्नो अस्तित्व पनि हराउँछन्, त्यसरी नै स्तुति गर्ने व्यक्ति स्तुति गर्दा-गर्दै उनमा लिन हुनेछन्।

**ਸਮੁੰਦ ਸਾਹ ਸੁਲਤਾਨ ਗਿਰਹਾ ਸੇਤੀ ਮਾਲੁ ਧਨੁ ॥**
समुद्रहरूको राजा अनि सम्राट, पर्वतसमान धन-सम्पत्तिको मालिक भएर पनि,

**ਕੀੜੀ ਤੁਲਿ ਨ ਹੋਵਨੀ ਜੇ ਤਿਸੁ ਮਨਹੁ ਨ ਵੀਸਰਹਿ ॥੨੩॥**
परमेश्वरलाई तिनीहरूको हृदयमा नराखेको भए तिनीहरू कमिलाजस्तो पनि हुन सक्तैनथे।।२३।।

**ਅੰਤੁ ਨ ਸਿਫਤੀ ਕਹਣਿ ਨ ਅੰਤੁ ॥**
ती निरंकारको स्तुति गर्ने कुनै सिमा छैन तथा भनेर पनि उनको प्रशंसाको अन्त हुन सक्दैन।

**ਅੰਤੁ ਨ ਕਰਣੈ ਦੇਣਿ ਨ ਅੰਤੁ ॥**
सृष्टिकर्ताद्वारा रचिएको सृष्टिको पनि कुनै अन्त छैन तर उहाँले दिनुहुँदा पनि त्यसको कुनै अन्त हुँदैन।

**ਅੰਤੁ ਨ ਵੇਖਣਿ ਸੁਣਣਿ ਨ ਅੰਤੁ ॥**
उसको देख्ने र सुन्नेको पनि कुनै अन्त छैन अर्थात् उहाँ निरंकार सर्वज्ञ र सर्वशक्तिमान हुनुहुन्छ।

**ਅੰਤੁ ਨ ਜਾਪੈ ਕਿਆ ਮਨਿ ਮੰਤੁ ॥**
ईस्वरको हृदयको रहस्य के हो, त्यसको बोध पनि हुन सक्दैन।

**ਅੰਤੁ ਨ ਜਾਪੈ ਕੀਤਾ ਆਕਾਰੁ ॥**
उहाँले प्रसार गर्नुभएको यो सृष्टिको अवधि अथवा सिमा पनि जान्न सकिन्न।

**ਅੰਤੁ ਨ ਜਾਪੈ ਪਾਰਾਵਾਰੁ ॥**
त्यसको अदि वा अन्तलाई पनि जान्न सकिन्न।

**ਅੰਤ ਕਾਰਣਿ ਕੇਤੇ ਬਿਲਲਾਹਿ ॥**
धेरै प्राणीहरू यसको पत्ता लगाउन संघर्ष गरिरहेका छन्।

**ਤਾ ਕੇ ਅੰਤ ਨ ਪਾਏ ਜਾਹਿ ॥**
तथापि त्यस अथाह, अनन्त अकाल पुरुषको बारेमा बुझ्न सकिन्न।

**ਏਹੁ ਅੰਤੁ ਨ ਜਾਣੈ ਕੋਇ ॥**
उहाँको गुणहरूको अन्त कहाँ हुन्छ यो कसैले जान्न सक्दैन।

**ਬਹੁਤਾ ਕਹੀਐ ਬਹੁਤਾ ਹੋਇ ॥**
ती पारब्रह्मको प्रशंसा, स्तुति, आकार अथवा गुणहरूबारे जति भन्दै गइन्छ त्यति नै बढ्दै जान्छन्।

**ਵਡਾ ਸਾਹਿਬੁ ਊਚਾ ਥਾਉ ॥**
निरंकार सर्वश्रेष्ठ हुनुहुन्छ, उहाँको स्थान सर्वोच्च छ।

**ਊਚੇ ਉਪਰਿ ਊਚਾ ਨਾਉ ॥**
तर ती सर्वश्रेष्ठ निरंकारको नाम महानतम छ।

**ਏਵਡੁ ਊਚਾ ਹੋਵੈ ਕੋਇ ॥**
यदि कुनै शक्ति त्योभन्दा ठुलो वा उच्च छ भने,

**ਤਿਸੁ ਊਚੇ ਕਉ ਜਾਣੈ ਸੋਇ ॥**
त्यसैले उसले मात्र त्यो परमगुरुलाई चिन्न सक्दछ।

**ਜੇਵਡੁ ਆਪਿ ਜਾਣੈ ਆਪਿ ਆਪਿ ॥**
निरंकरलाई आफना सबै कुरा थाहा छ वा थाहा हुन्छ, अरू कसैले पनि गर्न सक्दैनन् ।

**ਨਾਨਕ ਨਦਰੀ ਕਰਮੀ ਦਾਤਿ ॥੨੪॥**
सतगुरु नानक देवजी भन्नुहुन्छ कि ती कृपासागरले जीवहरूलाई करुणा दिएर उनीहरूका कर्मअनुसार सबै चिजहरू दिन्छन्।

**ਬਹੁਤਾ ਕਰਮੁ ਲਿਖਿਆ ਨਾ ਜਾਇ ॥**
उहाँका अनुग्रहहरू यति धेरै छन् कि तिनीहरूलाई लेख्न सक्ने क्षमता कसैले पनि छैन।

**ਵਡਾ ਦਾਤਾ ਤਿਲੁ ਨ ਤਮਾਇ ॥**
उहाँ धेरै वरदानहरू दिने भएको कारण महान् हुनुहुन्छ, तर उहाँसँग अलिकति पनि लोभ छैन।

**ਕੇਤੇ ਮੰਗਹਿ ਜੋਧ ਅਪਾਰ ॥**
अनगिन्ती शूरवीरहरू उहाँको कृपा-दृष्टि पाउने चाहना राख्दछन्।

**ਕੇਤਿਆ ਗਣਤ ਨਹੀ ਵੀਚਾਰੁ ॥**
उनको सङ्ख्याको त कुरै पनि हुन सक्दैन।

**ਕੇਤੇ ਖਪਿ ਤੁਟਹਿ ਵੇਕਾਰ ॥**
धेरै मानिसहरू निरंकारद्वारा दिइएका पदार्थहरूको विकारका कारण भोग्नका लागि संघर्ष गरेर मर्छन्।

**ਕੇਤੇ ਲੈ ਲੈ ਮੁਕਰੁ ਪਾਹਿ ॥**
धेरैजना अकाल पुरखले दिएका पदार्थहरूलाई इन्कार गर्छन्।

**ਕੇਤੇ ਮੂਰਖ ਖਾਹੀ ਖਾਹਿ ॥**
धेरै मूर्ख मानिसहरूले परमेश्वरबाट पदार्थ लिन्छन् र खान्छन्, यसलाई कहिल्यै याद गर्दैनन्।

**ਕੇਤਿਆ ਦੂਖ ਭੂਖ ਸਦ ਮਾਰ ॥**
कयौं मानिसहरू सधैं दुःख अनि भोकले पीडित हुन्छन्, किनकि यो उनीहरूको कर्ममा लेखिएको हुन्छ।

**ਏਹਿ ਭਿ ਦਾਤਿ ਤੇਰੀ ਦਾਤਾਰ ॥**
तर सज्जनहरू यस्तो मर्कालाई ती परमेश्वरको आशिष् ठान्छन्।

**ਬੰਦਿ ਖਲਾਸੀ ਭਾਣੈ ਹੋਇ ॥**
यिनै दुःखकष्टका कारणले गर्दा नै मानिसलाई वाहेगुरुको सम्झना हुन्छ।

**ਹੋਰੁ ਆਖਿ ਨ ਸਕੈ ਕੋਇ ॥**
ईश्वरको आज्ञामा रहनाले मनुष्यले माया-मोहको बन्धनबाट पनि मुक्ति पाउँछ।

**ਜੇ ਕੋ ਖਾਇਕੁ ਆਖਣਿ ਪਾਇ ॥**
ईश्वरको आज्ञा पालन गर्नुबाहेक भ्रमको मोहबाट मुक्त हुने अरू कुनै उपाय बताउन सकिँदैन।

**ਓਹੁ ਜਾਣੈ ਜੇਤੀਆ ਮੁਹਿ ਖਾਇ ॥**
यदि अज्ञानताको कारण कुनै व्यक्तिले यसको बारेमा कुरा गर्न खोज्छ भने उसले मात्र थाहा पाउनेछ कि उसले आफ्नो अनुहारमा कति चोट खान परेको छ।

**ਆਪੇ ਜਾਣੈ ਆਪੇ ਦੇਇ ॥**
परमात्मालाई संसारका सबै प्राणीहरूको आवश्यकताहरू थाहा हुन्छ अनि तिनीहरूलाई आफै प्रदान पनि गर्नुहुन्छ।

**ਆਖਹਿ ਸਿ ਭਿ ਕੇਈ ਕੇਇ ॥**
संसारमा सबै जीव अकृतज्ञ छैन, धेरै मानिस यस्ता पनि छन् जो यो कुरा मान्दछन्

**ਜਿਸ ਨੋ ਬਖਸੇ ਸਿਫਤਿ ਸਾਲਾਹ ॥**
परमात्मा प्रसन्न भएर जुन व्यक्तिलाई उहाँको स्तुति गान गर्ने शक्ति दिनुहुन्छ

**ਨਾਨਕ ਪਾਤਿਸਾਹੀ ਪਾਤਿਸਾਹੁ ॥੨੫॥**
हे नानक! उहाँ राजाहरूको पनि राजा बन्नुहुन्छ; अर्थात्, उहाँलाई उच्च र उत्तम पद प्राप्त हुँदछ॥ २५ ॥

**ਅਮੁਲ ਗੁਣ ਅਮੁਲ ਵਾਪਾਰ ॥**
वर्णन गर्न नसकिने निरंकरका गुणहरू अमूल्य छन् अनि यस निरंकरको सिमरन एक अमूल्य व्यापार हो।

**ਅਮੁਲ ਵਾਪਾਰੀਏ ਅਮੁਲ ਭੰਡਾਰ ॥**
सिमरनको व्यवसायलाई मार्गदर्शन गर्ने सन्तहरू पनि अमूल्य व्यापारी हुन् अनि ती सन्तहरूसँग भएका गुणहरूको धन पनि अमूल्य छ।

**ਅਮੁਲ ਆਵਹਿ ਅਮੁਲ ਲੈ ਜਾਹਿ ॥**
जो मानिस प्रभु-मिलाप हेतु यी सन्तहरूको समिप आउँछन् ती पनि अमूल्य हुन् अनि यिनीहरूबाट जुन गुण लिएर जानन्छन् ती पनि अमूल्य हुन्।

**ਅਮੁਲ ਭਾਇ ਅਮੁਲਾ ਸਮਾਹਿ ॥**
पारस्परिक गुरु-सिख प्रेम अमूल्य हुन्छ, गुरुको प्रेमबाट आत्माले प्राप्त गर्ने आनन्द पनि अमूल्य हुन्छ।

**ਅਮੁਲੁ ਧਰਮੁ ਅਮੁਲੁ ਦੀਬਾਣੁ ॥**
अकाल-पुरुषको न्याय पनि अमूल्य छ, उहाँको न्यायालय पनि अमूल्य छ।

**ਅਮੁਲੁ ਤੁਲੁ ਅਮੁਲੁ ਪਰਵਾਣੁ ॥**
अकाल पुरखको न्याय गर्ने तराजु अमूल्य छ, र प्राणीहरूको राम्रो र नराम्रो कामको तौल गर्ने

परिमाण पनि अमूल्य छ।

**ਅਮੁਲੁ ਬਖਸੀਸ ਅਮੁਲੁ ਨੀਸਾਣੁ ॥**
अकाल पुरखद्वारा प्रदान गरिने पदार्थ पनि अमूल्य हुन्छ अनि ती पदार्थहरूको चिन्ह पनि अमूल्य हुन्छ।

**ਅਮੁਲੁ ਕਰਮੁ ਅਮੁਲੁ ਫੁਰਮਾਣੁ ॥**
जीवप्रति हुने निरंकारको कृपा पनि अमूल्य हुन्छ तथा उहाँको आदेश पनि अमूल्य हुन्छ।

**ਅਮੁਲੋ ਅਮੁਲੁ ਆਖਿਆ ਨ ਜਾਇ ॥**
ती परमात्मा अत्यन्तै बहुमूल्य हुनुहुन्छ उहाँको भनाइ घनिष्ठतासँग  गर्न सक्नु असम्भव छ।

**ਆਖਿ ਆਖਿ ਰਹੇ ਲਿਵ ਲਾਇ ॥**
तर अझै पनि धेरै भक्तजनहरु उनको गुणको वर्णन गर्दै विगत, भविष्य र वर्तमानमा यसमा डुबेका छन् ।

**ਆਖਹਿ ਵੇਦ ਪਾਠ ਪੁਰਾਣ ॥**
उहाँको महिमाको उल्लेख चार वेद र अठार पुराणमा पनि गरिएको छ ।

**ਆਖਹਿ ਪੜੇ ਕਰਹਿ ਵਖਿਆਣ ॥**
ती पढ्नेहरूले अकाल-पुरखका बारे पनि व्याख्यान गर्दछन्।

**ਆਖਹਿ ਬਰਮੇ ਆਖਹਿ ਇੰਦ ॥**
सृष्टिकर्ता ब्रह्मा र स्वर्गका अधिपति इन्द्र पनि उहाँका अमूल्य गुणहरूको चर्चा गर्छन्।

**ਆਖਹਿ ਗੋਪੀ ਤੈ ਗੋਵਿੰਦ ॥**
गिरिधर गोपाल कृष्ण र उनका गोपीहरूले पनि ती निरंकारको प्रशंसा गर्छन्।

**ਆਖਹਿ ਈਸਰ ਆਖਹਿ ਸਿਧ ॥**
महादेव तथा गोरख आदि सिद्धहरूले पनि उनको प्रसिद्धिबारे भन्छन्।

**ਆਖਹਿ ਕੇਤੇ ਕੀਤੇ ਬੁਧ ॥**
ती सृष्टिकर्ताले यस संसारमा सृष्टि गर्नुभएका सबै बुद्धिमान प्राणीहरूलाई पनि उहाँको महिमा भनिन्छ।

**ਆਖਹਿ ਦਾਨਵ ਆਖਹਿ ਦੇਵ ॥**
समस्त दानव र देवताहरू पनि उहाँको महिमा गर्छन्।

**ਆਖਹਿ ਸੁਰਿ ਨਰ ਮੁਨਿ ਜਨ ਸੇਵ ॥**
संसारका सबै पुण्य कर्म गर्ने मानव, नारदआदि ऋषि-मुनि तथा अन्य भक्तहरूले उहाँको स्तुतिगान गाउँछन्।

**ਕੇਤੇ ਆਖਹਿ ਆਖਣਿ ਪਾਹਿ ॥**
वर्तमानमा जति पनि जीवजन्तुले भनिरहेका छन् र भविष्यमा कतिले भन्न खोज्नेछन्

**ਕੇਤੇ ਕਹਿ ਕਹਿ ਉਠਿ ਉਠਿ ਜਾਹਿ ॥**
विगतमा धेरै प्राणीहरूले आफ्नो जीवन समाप्त गरिसकेका छन्।

**ਏਤੇ ਕੀਤੇ ਹੋਰਿ ਕਰੇਹਿ ॥**
यति त हामीले गनिसकेका छौं अनि अझै प्राप्त भए त।

**ਤਾ ਆਖਿ ਨ ਸਕਹਿ ਕੇਈ ਕੇਇ ॥**
तैपनि उहाँको अमूल्य स्तुति कसैले पनि भन्न सक्दैन।

**ਜੇਵਡੁ ਭਾਵੈ ਤੇਵਡੁ ਹੋਇ ॥**
जति बेसी आत्म-विस्तार चाहन्छ, त्यो त्यति नै फराकिलो हुन्छ।

**ਨਾਨਕ ਜਾਣੈ ਸਾਚਾ ਸੋਇ ॥**
श्री गुरु नानक देवजी भन्नुहुन्छ कि केवल सत्य स्वरूप निरंकार आफ्नो अमूल्य गुणहरूलाई जान्दछन्।

**ਜੇ ਕੋ ਆਖੈ ਬੋਲੁਵਿਗਾੜੁ ॥**
यदि एक बेअर्थ बोल्नेले परमेश्वरको अन्त त्यो यति छ भन्छ भने

**ਤਾ ਲਿਖੀਐ ਸਿਰਿ ਗਾਵਾਰਾ ਗਾਵਾਰੁ ॥੨੬॥**
तब उसलाई महामूर्खहरूमा गणना गरिन्छ।।२६।।

**ਸੋ ਦਰੁ ਕੇਹਾ ਸੋ ਘਰੁ ਕੇਹਾ ਜਿਤੁ ਬਹਿ ਸਰਬ ਸਮਾਲੇ ॥**
जहाँ बसेर उनले सम्पूर्ण सृष्टिलाई सम्हालिरहेका छन्, ती पालनकर्ता ईश्वरका द्वार तथा घर कस्तो छ?

**ਵਾਜੇ ਨਾਦ ਅਨੇਕ ਅਸੰਖਾ ਕੇਤੇ ਵਾਵਣਹਾਰੇ ॥**
(यहाँ सतगुरुजीले यस प्रश्नको जवाफ सरल शब्दहरूमा दिनुहुन्छ) हे मानव! उनको ढोकामा विभिन्न प्रकारका अनगिन्ती बाजाहरू गुञ्जिरहेका हुन्छन् अनि ती बजाउनेहरू धेरै हुन्छन्।

**ਕੇਤੇ ਰਾਗ ਪਰੀ ਸਿਉ ਕਹੀਅਨਿ ਕੇਤੇ ਗਾਵਣਹਾਰੇ ॥**
त्यहाँ रागिनीसँग गाइनेले धेरै रागहरू गाइरहेका हुन्छन् अनि ती रागहरू गाउने गन्धर्व आदि जस्ता धेरै गायकहरू पनि हुन्छन्।

**ਗਾਵਹਿ ਤੁਹਨੋ ਪਉਣੁ ਪਾਣੀ ਬੈਸੰਤਰੁ ਗਾਵੈ ਰਾਜਾ ਧਰਮੁ ਦੁਆਰੇ ॥**
ती निरंकारको महिमा वायु, जल तथा अग्निका देवताहरूले गाइरहेका छन् अनि सबै जीवित प्राणीहरूको कर्मका विश्लेषक धर्मराजले पनि उनको ढोकामा उभिएर आफ्नो महिमा गाउँछन्।

**ਗਾਵਹਿ ਚਿਤੁ ਗੁਪਤੁ ਲਿਖਿ ਜਾਣਹਿ ਲਿਖਿ ਲਿਖਿ ਧਰਮੁ ਵੀਚਾਰੇ ॥**
जीवात्माहरूले गर्ने कर्महरू लेख्ने चित्र-गुप्तले पनि त्यो अकाल-पुरखको प्रशंसा गर्छन् तथा धर्मराजले चित्रगुप्तद्वारा लेखिने शुभशुभ कर्महरूमाथि विचार गर्दछन्।

**ਗਾਵਹਿ ਈਸਰੁ ਬਰਮਾ ਦੇਵੀ ਸੋਹਨਿ ਸਦਾ ਸਵਾਰੇ ॥**
परमात्माद्वारा प्रतिपादित शिव, ब्रह्मा तथा तिनीहरूका देवीहरू (शक्ति) जो भगवानद्वारा सुशोभित छन्, सदैव उहाँको प्रशंसा गर्छन्।

**ਗਾਵਹਿ ਇੰਦ ਇਦਾਸਣਿ ਬੈਠੇ ਦੇਵਤਿਆ ਦਰਿ ਨਾਲੇ ॥**
हे निरंकार! सबै देवता र स्वर्गका अधिपति इन्द्र आफ्नो सिंहासनमा अन्य देवताहरूसँग बसेर तपाईंको ढोकामा उभिई तपाईंको स्तुति गरिरहेका छन्।

**ਗਾਵਹਿ ਸਿਧ ਸਮਾਧੀ ਅੰਦਰਿ ਗਾਵਨਿ ਸਾਧ ਵਿਚਾਰੇ ॥**
सिद्ध मानिसहरू समाधिमा बसेर तपाईंको स्तुति गाउँछन्, विचारशील साधुहरू विवेकले प्रशंसा गर्छन्।

**ਗਾਵਨਿ ਜਤੀ ਸਤੀ ਸੰਤੋਖੀ ਗਾਵਹਿ ਵੀਰ ਕਰਾਰੇ ॥**
यति, सती तथा सन्तोषी मानिसहरूले पनि तपाईंको स्तुति गान गर्छन्, अनि पराक्रमी योद्धाहरूले पनि तपाईंको महिमा गाउँछन्।

**ਗਾਵਨਿ ਪੰਡਿਤ ਪੜਨਿ ਰਖੀਸਰ ਜੁਗੁ ਜੁਗੁ ਵੇਦਾ ਨਾਲੇ ॥**
संसारका सबै विद्वान्, महान् जितेन्द्रीय ऋषि-मुनिहरूले युगौंदेखि वेद पढेर-पढेर ती अकाल पुरखको प्रशंसा गर्दै आएका छन्।

**ਗਾਵਹਿ ਮੋਹਣੀਆ ਮਨੁ ਮੋਹਨਿ ਸੁਰਗਾ ਮਛ ਪਇਆਲੇ ॥**
मनलाई मोहित पार्ने सबै सुन्दरी स्त्रीहरू स्वर्ग लोक, मृत्यु लोक तथा पाताल लोकमा तिम्रो प्रशंसा गरिरहेका छन्।

**ਗਾਵਨਿ ਰਤਨ ਉਪਾਏ ਤੇਰੇ ਅਠਸਠਿ ਤੀਰਥ ਨਾਲੇ ॥**
निरंकारद्वारा उत्पन्न गरिएका चौध रत्नहरू, संसारका अठसठ्ठी तीर्थस्थलहरू र त्यहाँ उपस्थित सन्तहरूले(श्रेष्ठ व्यक्ति) पनि उहाँको महिमा गाउँदछन्।

**ਗਾਵਹਿ ਜੋਧ ਮਹਾਬਲ ਸੂਰਾ ਗਾਵਹਿ ਖਾਣੀ ਚਾਰੇ ॥**
सबै योद्धा, महाबली, शूरवीरहरूले अकाल पुरखको महिमा गाउँछन्, उत्पत्तिका सबै चार स्रोतहरू (अण्डज, जरायुज, स्वेदज व उदभिज्ज)ले पनि उहाँका गुणहरू गाएका छन्।

**ਗਾਵਹਿ ਖੰਡ ਮੰਡਲ ਵਰਭੰਡਾ ਕਰਿ ਕਰਿ ਰਖੇ ਧਾਰੇ ॥**
नवखण्ड, मण्डल तथा सम्पूर्ण ब्रह्माण्ड, जसलाई सृष्टिकर्ताले रच्नुभएको छ अनि धारण गर्नुभएको छ, यी सबैले तपाईँको स्तुति गान गर्छन्।

**ਸੇਈ ਤੁਧੁਨੋ ਗਾਵਹਿ ਜੋ ਤੁਧੁ ਭਾਵਨਿ ਰਤੇ ਤੇਰੇ ਭਗਤ ਰਸਾਲੇ ॥**
वास्तवमा, जो तपाईँको भक्तिमा लीन छन्, जो तपाईँको नाममा लीन छन्, अनि जसले तपाईंलाई मन पराउँछन् उनीहरूले मात्र तपाईँको गुण गाउन सक्छन्।

**ਹੋਰਿ ਕੇਤੇ ਗਾਵਨਿ ਸੇ ਮੈ ਚਿਤਿ ਨ ਆਵਨਿ ਨਾਨਕੁ ਕਿਆ ਵੀਚਾਰੇ ॥**
हे नानक, तपाईँको प्रशंसा गर्ने अरू धेरै प्राणीहरू मलाई याद छैन। म ती जीवहरूको गणना कति टाढासम्म गर्न सक्छु?

**ਸੋਈ ਸੋਈ ਸਦਾ ਸਚੁ ਸਾਹਿਬੁ ਸਾਚਾ ਸਾਚੀ ਨਾਈ ॥**
ती सत्यस्वरूप अकाल पुरख विगतमा थिए, उही सदगुणी निरंकार वर्तमानमा पनि छन्

**ਹੈ ਭੀ ਹੋਸੀ ਜਾਇ ਨ ਜਾਸੀ ਰਚਨਾ ਜਿਨਿ ਰਚਾਈ ॥**
उनी भविष्यमा सदैव रहनेछन्, ती सृजनहार परमात्मा न जन्म लिन्छन् अनि न त उनको मृत्यु नै हुन्छ।

**ਰੰਗੀ ਰੰਗੀ ਭਾਤੀ ਕਰਿ ਕਰਿ ਜਿਨਸੀ ਮਾਇਆ ਜਿਨਿ ਉਪਾਈ ॥**
जुन सृष्टिका रचयिता ईश्वरले रङ-बिरङ्गी, किसिम-किसिमका आकार भएका तथा अनेकौं प्राणीहकूको उत्पत्ति आफ्नो मायाले गरेका हुन्।

**ਕਰਿ ਕਰਿ ਵੇਖੈ ਕੀਤਾ ਆਪਣਾ ਜਿਵ ਤਿਸ ਦੀ ਵਡਿਆਈ ॥**
आफ्नो यो उत्पत्तिलाई गरेर उनी आफ्नो रुचिअनुसार तिनीहरूलाई देख्छन्, अर्थात्, उनले आफ्नो इच्छाअनुसार तिनीहरूको हेरचाह गर्दछ।

**ਜੋ ਤਿਸੁ ਭਾਵੈ ਸੋਈ ਕਰਸੀ ਹੁਕਮੁ ਨ ਕਰਣਾ ਜਾਈ ॥**
अकालका पुरखलाई जे राम्रो लाग्छ, उनी त्यही कार्य गर्छन् अनि भविष्यमा पनि गर्छन्, उनलाई आज्ञा दिने उनीजस्तो कोही पनि छैन।

ਸੋ ਪਾਤਿਸਾਹੁ ਸਾਹਾ ਪਾਤਿਸਾਹਿਬੁ ਨਾਨਕ ਰਹਣੁ ਰਜਾਈ ॥੨੭॥
गुरु नानकजीको भनाइ छ कि हे मानव! ईश्वर राजाहरूको राजा अर्थात् महाराजा हुन्, उनको आज्ञामा रहनु नै उचित हुन्छ।।२७।।

ਮੁੰਦਾ ਸੰਤੋਖੁ ਸਰਮੁ ਪਤੁ ਝੋਲੀ ਧਿਆਨ ਕੀ ਕਰਹਿ ਬਿਭੂਤਿ ॥
गुरुजी भन्छन् कि हे मानव योगी! तिमीले सन्तुष्टिको मुद्रा, दुष्कर्मबाट लाजरुपी पात्र, पापरहित ङएरा लोक-परलोकमा बनाइने प्रतिष्ठारुपी चोली ग्रहण गर्नुपर्छ तथा शरीरमा ईश्वरको नाम-स्मरणरुपी नामको विभुती लगाएर राख्नुपर्छ।

ਖਿੰਥਾ ਕਾਲੁ ਕੁਆਰੀ ਕਾਇਆ ਜੁਗਤਿ ਡੰਡਾ ਪਰਤੀਤਿ ॥
मृत्युलाई स्मरण गर्नु नै तिम्रो काख हो, शरीरलाई शुद्ध राख्नु नै योगको चाल हो, अकाल पुरखको दृढ विश्वास नै तिम्रो लौरो हो। यी सबै सदाचारहरू ग्रहण गर्नु नै वास्तविक योगी भेष हो।

ਆਈ ਪੰਥੀ ਸਗਲ ਜਮਾਤੀ ਮਨਿ ਜੀਤੈ ਜਗੁ ਜੀਤੁ ॥
